**२०७५ साल फागुन १० गते शुक्रवार बसेको मन्त्रिपरिषद्को २४ औं बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य ब्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** प्रदेश नं ५ को प्रदेश सभामा दाङ्ग क्षेत्र नं ३ (२) बाट निर्वाचित माननीय सांसद श्री उत्तर कुमार वली सडक दुर्घटनामा परी उपचार भइरहेको अवस्थामै देहावसान हुनु भएकाले उहाँको आत्माले चिर शान्ति पाओस् भन्ने कामना गर्ने। यस दुखद घडीमा शोक सन्तप्त परिवारजनमा समवेदना प्रकट गर्दै धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी कामना गर्ने। माननीय श्री वलीको पार्थिव शरीरलाई प्रदेश प्रहरीबाट सम्मान एवम् शोक सलामी सहित अन्त्यष्टी गर्ने।"

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** जानकी गाउँपालिका बाँकेको केन्द्र परिवर्तन सम्बन्धमा सम्बन्धित गाउँपालिकाबाट प्राप्त प्रस्ताव नेपाल सरकार समक्ष पठाउन स्वीकृती प्रदान गर्ने।

३. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** शान्तिनगर गाउँपालिका दाङ्गको केन्द्र परिवर्तन सम्बन्धमा सम्बन्धित गाउँपालिकाबाट प्राप्त प्रस्ताव नेपाल सरकार समक्ष पठाउन स्वीकृती प्रदान गर्ने।

४. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** आश्विन मेडिकल कलेज एण्ड हस्पिटल प्रा.लि. (मेडिसिटी) काठमाडौंलाई अग्रिम रकम रु. १०,००,०००।– (दश लाख) पठाउने र माननीय उत्तर कुमार वलीको उपचारमा लागेको सम्पूर्ण खर्च प्रदेश सरकारले बेहोर्ने।

५. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** श्री एयरलाईन्सलाई हेलिकप्टर भाडा बापतको रकम रु. ५,७०,०००।–(पाँच लाख सत्तरी हजार) भुक्तानी पठाउने।

६. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** प्रदेश नं. ५ का सडकहरुमा भइरहेका दुर्घटनाका कारणहरु पहिचान गरी सुझाव दिन मुख्य न्यायाधिवक्ता श्री ठाकुर प्रसाद डि.सी.को संयोजकत्वमा समिति गठन गर्ने।